# आर्थिक

## भ्रष्टाचारको आरोप लागेका उद्योगीको बचाउमा व्यवसायीका तीन सङ्गठन

काठमाडौँ, १७ माघ (रासस)। तोकिएको क्षमताभन्दा बढी खानी प्रयोग गरेका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दाको विपक्षमा उद्योगी व्यवसायीका तीनवटा सङ्गठनले गुनासो गरेका छन् ।नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सका तर्फबाट आज संयुक्त विज्ञप्ति प्रकाशित गरी कोभिड-१९ महामारीबाट विस्तारै तङ्ग्रिन खोजिरहेको निजी क्षेत्रमाथि विभिन्न क्षेत्रबाट निरन्तर प्रहार भइरहेको बताएका छन् ।

उनीहरूले नेपालमा लगानी प्रवर्द्धन, रोजगारी सिर्जना र समग्र अर्थतन्त्रको विकास एवं विस्तारमा नकारात्मक प्रभाव पर्नेमा निजी क्षेत्र गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

आयात प्रतिस्थापनमा नमूनाका रूपमा हेर्न सकिने एवं लगानी अभिवृद्धि, रोजगारी सिर्जना र राजस्वमा महत्वपूर्ण योगदान दिइरहेको सिमेन्ट उद्योगका लगानीकर्तामाथि पछिल्लोपटक लगाइएको भ्रष्टाचार मुद्दाले निजी क्षेत्रलाई हतोत्साही बनाएको उनीहरूको दाबी छ ।

आर्थिक वर्ष २०७२/७३ मा रु ११ अर्ब ७० करोड, आव २०७३/७४ मा रु २६ अर्ब १० करोड र आव २०७४/७५ मा रु ३१ अर्ब ७० करोड बराबरको सिमेन्ट क्लिङ्कर आयात भएको अवस्थामा अहिले नेपाल सिमेन्टमा आत्मनिर्भर भएको उनीहरूको भनाइ छ ।

नेपालमा विदेशी विनिमय सञ्चिति र भुक्तानी सन्तुलनमा समेत सिमेन्ट उद्योगले महत्वपूर्ण योगदान दिएको भन्दै उनीहरूले सरकारबाट नीतिगत सहजीकरण भएको अवस्थामा निर्यातको उच्च सम्भावना रहेको सिमेन्ट उद्योगलाई प्रताडित गरिनु दुर्भाग्यपूर्ण रहेको स्पष्ट पारेका छन् ।

सिमेन्ट उद्योगहरूले स्वदेशी कच्चापदार्थको प्रयोग गर्दै ८० प्रतिशतसम्म मूल्य अभिवृद्धि गर्दै आइरहेको तथा सिमेन्टको मुख्य कच्चापदार्थ चुनढुङ्गा उत्खननका लागि उद्योगले लिएको माइनिङ स्किमभित्र रहेर उत्खनन गरेको अवस्थामा खानी विभागबाट पटकपटक अध्ययन समिति गठन गरी प्रतिवेदन तयार गर्ने र कैफियतअनुसार जरिवाना लगाउने काम भएको स्मरण गरेका छन् ।

क्षतिपूर्ति असुलीका अन्य विकल्प एवं कानुनी बाटो अवलम्बन गर्नुको सट्टा सिधै मुद्दामा जानु निजी क्षेत्रलाई निस्तेज पार्ने प्रयास भएको तथा कानुनी स्पष्टताको अभाव रहेको अवस्थामा व्यवसायीलाई भ्रष्टाचारजन्य आरोपमा कसुरदार ठहर गर्ने परिपाटीले नेपालमा लगानी निरुत्साहित हुने उनीहरूको जिकिर छ । यसरी विज्ञप्ति जारी गर्नेमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल हुनुहुन्छ ।

## विकासमा फड्को मार्दै खजुरा

राँझा, १७ माघ (रासस) । स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधि आएपछि बाँकेको खजुरा गाउँपालिकाले विकासमा फड्को मारेको छ । वर्षात्मा हिलाम्ये र हिउँदमा धुलाम्ये हुने अवस्थाका सडक मरमत भएका छन् । गाउँपालिकाभित्रका सडक कालोपत्रे, पीसीसी र ग्राभेल गर्ने कार्यसँगै गाउँपालिकाको मुहारनै फेरिएको छ । गाउँपालिकाका मुख्य सडकदेखि सहायक सडकको यतिबेला स्तरोन्नति गर्ने काम भइरहेको छ । यहाँका सबैवडामा अहिले धमाधम सडक र नाली निर्माण भईरहेको छ । निर्वाचनको बेला जनतासँग गरेको प्रतिबद्धताअनुसारका गाउँपालिकाभित्रका मुख्य र सहायक सबै सडक र नाला पक्की गर्ने कार्य सम्पन्न भएको खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपतिले जानकारीदिनुभयो । उहाँले अनुसार गाउँपालिकाले जन चाहना र आवश्यकताका आधारमा गाउँपालिकाभित्रका मुख्य र सहायक सडक नाला पुनःनिर्माण गर्ने र पूर्वाधार विकासलाई प्राथमिकता दिएको बताउनुभयो । खजुरा बजार क्षेत्रमा चार लेन सडक निर्माण सुरु भएसँगै बजारको रुप पनि फेरिँदैछ । पहिलो चरणमा खजुरा गाउँपालिका-३ स्थित कपास विकास समितिदेखि धनौलीसम्म सडक विस्तार गर्ने गरी काम सुरु गाउँपालिकाले जनाएको छ । अहिले खजुरा गाउँपालिकाको सबैजसो वडाका सडक पक्की र ग्राभेल भइसकेका छन् भने केही सडक स्तरोन्नति गर्ने कार्य भइरहेको खजुरा ४ नं वडाध्यक्ष तिलकवीर सुनारले बताउनुभयो ।

गाउँपालिकाले अघि सारेका विकास निर्माणका सबैजसो योजना समयमै सम्पन्न भएकाले गाउँपालिकामा विकास देखिएको प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालको भनाइ छ । उहाँले अब वर्षामा गाउँपालिकावासीले डुबानको समस्या खेप्न नपर्ने गरी निर्माण कार्यलाई उच्च प्राथमिकता दिइएको दाबी गर्नुभयो ।

## दूधको मूल्य बढाउन किसानको माग

चितवन, १७ माघ (रासस) : यहाँका किसानले तत्काल दूधको मूल्य बढाउन माग गरेका छन् । उनीहरुले तत्काल मूल्य वृद्धि नगरिए आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

चितवन दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडले आइतबार यहाँ पत्रकार सम्मेलन गरी मूल्य बढाउन दबाब दिएको हो ।

दूधको मूल्यमा प्रतिलिटर रु १५ देखि २० सम्म बढाउनुपर्ने उनीहरुको माग छ ।

सङ्घका अध्यक्ष रत्नमणि न्यौपानेले सरकारले यही माघ १ गतेदेखि मूल्य बढ्छ भने पनि अहिलेसम्म नबढेकाले आन्दोलनको तयारीमा लागेको बताउनुभयो । सरकारले एक लिटरमा रु १० मूल्य बढाएर किसानलाई रु.सात र डेरी उद्योगीलाई रु तीन दिने तयारी गरेको बताइएको छ । उहाँका अनुसार हाल दूधको मूल्य किसानले सरदर लिटरमा ५२.५० पर्ने गरेको छ ।

पशुलाई खुवाउने आहारको मूल्य अत्यधिक वृद्धि भएकाले यो मूल्यले लागत नउठ्ने उहाँले बताउनुभयो । अध्यक्ष न्यौपानेले भन्नुभयो, "दाना, चोक्कर, पराल र औषधिको मूल्य अत्यधिक बढेकाले अहिले उत्पादन लागत नै प्रतिलिटर रु ६३ किसानको पर्ने गरेको छ ।

## धरान उपमहानगरमा घाटा बजेट, आन्तरिक आय न्यून

**देवेन्द्र कार्की**

धरान, १७ माघ (रासस) । धरान उपमहानगरपालिकाले बजेट बनाउँदा आन्तरिक आम्दानी हुने भन्दा कयौँ गुणा बढी लक्ष्य राखेर बजेट बनाएका कारण आर्थिक वर्षको पहिलो छ महिना नगुर्दै उपमहानगरले आर्थिक सङ्कट बेहोरेको छ ।

उपमहानगरको आर्थिक वर्षको आधा समय बित्दा पनि आन्तरिक राजस्व सङ्कलन न्यून छ । आन्तरिक सङ्कलन न्यून हुँदा उपमहानगरलाई आर्थिक सङ्कट मात्रै नभएर आर्थिक विकासमा दीर्घकालीन असरसमेत परेको छ ।

वडाका विभिन्न विकास निर्माणका योजना, लक्षित वर्गका कार्यक्रमको बजेट रोकिएको छ । चालु आर्थिक वर्षमा उपमहानगरले आन्तरिक आय रु ७५ करोड २९ लाख ७१ हजार २५० अनुमान गरेकामा आवको पहिलो छ महिनामा एक चौथाइ पनि राजस्व सङ्कलन भएको छैन ।

हालसम्म कूल अनुमानित आयको ११ दशमलव ३३ प्रतिशत अर्थात् रु आठ करोड ५२ लाख ९४ हजार मात्रै राजस्व सङ्कलन भएको छ । आन्तरिक आयको स्रोत पहिचान गरी हचुवाको भरमा बजेट बनाई आन्तरिक आय बढी अनुमान गरेर बजेट बनाउँदा त्यसको प्रत्यक्ष मार वडामा परेको छ । गत आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक राजस्व सङ्कलन रु ९० करोड ८ लाख ५४ हजार अनुमान गरेकोमा १६ करोड ४७ लाख ३५ हजार मात्रै सङ्कलन भएको थियो । यो कूल बजेटको १८ दशमलव २९ प्रतिशत हो । यसले पनि उपमहानगरको राजस्व सङ्कलनको अनुमान गर्नेमाथि प्रश्नचिह्न खडा भएको छ । आन्तरिक आय न्यून भएपछि वडा कार्यालयले पाउने बजेट रोकिएको छ । दैनिक काम र कर्मचारी तलब भत्ता मात्र उपलब्ध गराउँदै आएको छ ।

HONS
Internet Service Provider
Himalayan Online Service Pvt. Ltd.
Phone:+977-1-4244952 , +977-1-4220848
Fax:+977-1-4224524
Email:info@hons.com.np
P.O.Box 19409
Durbar Marg,
Kathmandu, Nepal
www.hons.com.np

**सानीभेरी गाउँपालिका**
**Sanibheri Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of The Rural Municipal Executive**
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ सम्पर्क: ९८५७८२४२५३
Email:info@sanibherimun.gov.np
sanibherimun@gmail.com

### शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति- २०७८/१०/१८)

सूचना नं 01/GOODS/SQ/ SRM078/079

यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा निःशुल्क वितरण हुने किशोरीहरुलाई स्यानिटरी प्याड खुल्ला सिल्बन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकाले तपसिल बमोजिमको शर्तमा पालना गरि दररेट पेश गर्नहुन ईच्छुक फर्म/कम्पनी वा वितरकलाई अनुरोध छ ।

तपसिल

१) निशुल्क वितरण हुने स्यानिटरी प्याडको विवरण स्पेशिफिकेशन गाउँपालिकाको वेवसाईड www.sanibherimun.gov.np मा राखिएको छ । उक्त विवरण अनुसारको प्रति प्याकेट उल्लेख गरि दरभाउँ पेश गर्नुपर्ने छ ।

२दरभाउपत्र पेश गर्ने फर्म/संस्था/कम्पनी/वितरकले दरभाउँका साथ फर्म र दर्ता प्रमाणपनत्र सोको नविकरण कर चुक्ता प्रमाणपत्र आव २०७८/०७९ असार मसान्त सम्म स्वघोषणा लगाएतका कागजातहरु पेश गर्नु पर्नेछ ।

३ दरभाउपत्र पेश गर्दा लाग्ने शुल्क तथा मिति

| क.स | विवरण | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रु | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयमा निशुल्क वितरण हुने किशोरीहरुलाई स्यानिटरी प्याड खरिद | रु१००० (एक हजार मात्र) | रु ६०००० | २०७८/११/०३ | २०७८/११/०४ मध्यान्न १२ वजे सम्म | २०७८/११/०४ गते दिउसो ठिक २ वजे सानीभेरी गाउँपालिकाको कार्यालयमा |

४ शिलबन्दि दरभाउपत्र साथ सूचनामा उल्लेखित जमानत वापतको रकम सानीभेरी गाउँपालिकाको कार्यालयको सनराईज बैंक लिमिटेड सानीभेरी शाखामा रहेको धरौटी खाता नं ०७७०५३०७८७७०३००४ मा जम्मा गरेर सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको पेश गर्ने अन्तिम मितिबाट ४५ दिन सम्म म्याद भएको जमानत पत्र बिड वन्ड पेश गर्नु पर्नेछ ।

५ दरभाउपत्र सम्वन्धी कागजात गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

६यसमा उल्लेख नभएका अन्यकुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा औषधी सम्वन्धी खरिद सम्वन्धी प्रचलित कानुन वमोजिम हुनेछ ।

भूपाल सिं विष्ट
(प्रमुख प्रशासकीय अधिकृत)